# मध्यपुर थिमि नगरपालिकाको मिति ०७७।०२।३० को नगरकार्यपालिका बैठकका निर्णयहरु

**निर्णय न.१ : कोरोना महामारीका वीच चालु आ.व.०७६।७७ का योजना कार्यान्वयन सम्वन्धमा** : यस विषयमा देहाय बमोजिम गर्ने :

(क) हालसम्म सम्झौता सम्पन्न भै काम सम्पन्न भएका आयोजनाहरुलाई यथाशीघ्र बील लगायतका कागजातहरु पेश गर्न लगाई अनुगमन गरी भुक्तानी र फरफारक गरिदिने ।

(ख) हालसम्म सम्झौता सम्पन्न भै काम सम्पन्न भै नसकेका आयोजनाहरुको हकमा कोभिड संकट थप जटिल बन्दै जाने र नगरपालिकाले थप सचेतता अपनाउनु पर्ने अवस्था समेत आउन सक्ने भएकाले हाल जे जति काम सकिएको छ, उक्त कामको मूल्यांकन गरी अधुरा आयोजनाहरुलाई समेत तत्काल टुंग्याउदै जाने । यसका लागि नगरपालिकाको प्राविधिक शाखाले विशेष कार्ययोजना बनाई संकटको गतिमा काम अघि बढाउन निर्देशन दिने ।

(ग) हालसम्म सम्झौता नै हुन नसकेका सामान्यीकरणको बजेट तर्फका आयोजनाको हकमा अब सम्झौता नगर्ने । तर शशर्त र अन्य निकायबाट प्राप्त आयोजनाको हकमा परिस्थितिको मूल्यांकन गरी प्रमुख प्रशासकीय अधिकृतले नगर प्रमुखसँगको परामर्शमा आयोजना कार्यान्वयन गर्न वाधा नपर्ने ।

(घ) बजेट र कार्यक्रम छुट्टिएर पनि कोरोना महामारिका कारण चालु आ.व. मा कार्यान्वयन हुन नसकेका आयोजनाहरुलाई आगामी आ.व.मा के कसरी निरन्तरता दिन सकिन्छ भन्ने सम्वन्धमा आगामी वैठकमा विवरण तयार गरी पेश गर्न निर्देशन दिने ।

(ङ) तत्काल गर्न सकिने र गर्नु पर्ने कामहरुको सम्वन्धमा कार्य अघि बढाउने ।

**निर्णय न.२ : आगामी आ.व.०७७।७८ को बजेट तर्जुमा सम्वन्धमा** : तत्काल कोरोना महामारिसँग लडिरहेको अवस्था भए पनि संवैधानिक तथा कानूनी व्यवस्था बमोजिम २०७७ आषाढ १० भित्र आगामी आ.व.०७७।७८ को वाषिक नीति कार्यक्रम र बजेट बारे देहाय बमोजिम गर्ने :

(क) मिति २०७७ आषाढ १० गते बुधवार दिनको ११ बजे कृषि विकास बैंक बोडेमा नगरसभाको बैठक आव्हान गर्ने ।

(ख) आन्तरिक राजस्व उल्लेखनीयरुपमा घट्ने अनुमान भएको राजस्व परामर्श समितिको प्रतिवेदन तथा मालपोत र संघ तथा प्रदेशबाट प्राप्त हुने राजस्व समेत न्यून अनुमान भएको अवस्थालाई मध्येनजर गरी आगामी आ.व. ०७७।७८ का लागि वडा बजेट तर्फ रु.२ करोड १ लाखको सिलंग कायम गर्ने ।

(ग) वडा सिलिंगबाट प्रस्ताव हुने आयोजनाहरु न्यूनतम ५ लाखभन्दा बढीका हुनु पर्ने । कुनै विशेष अवस्थामा ५ लाख भन्दा घटीको आयोजना भएमा वडाभित्र एउटै उपभोक्ता समितिबाट सम्पन्न गराउन मिल्ने गरी बढीमा ५ आयोजनासम्म एउटै क्रियाकलापमा संयुक्त खुलाई पेश गर्न सकिने । प्रत्येक वडाले घटीमा एक आयोजना रु. ४० लाखभन्दा माथिको हुने गरी संचालन गर्नै पर्ने ।

**निर्णय न.३ : नेपाल कोरिया मैत्री अस्पतालको लागि संचालन आदेश स्वीकृत सम्वन्धमा** : नेपाल कोरिया मैत्री नगरपालिका अस्पताल मध्यपुरथिमिको संचालन तथा व्यवस्थापनका लागि नगरपालिकाको कार्यसम्पादन नियमावली २०७४ को अनुसूचि ....मा भएको अधिकार बमोजिम नेपाल कोरिया मैत्री अस्पताल संचालन आदेश २०७७ स्वीकृत गरी राजपत्रमा प्रकाशन गर्ने ।

**निर्णय न.४ : नेपाल कोरिया मैत्री अस्पतालको रकम हस्तान्तरण सम्वन्धमा** : माथि निर्णय नं.३ बमोजिम स्वीकृत नेपाल कोरिया मैत्री नगरपालिका अस्पताल संचालन आदेश राजपत्रमा प्रकाशन भै

कार्यान्वयनमा आए पछि सोही आदेशमा भएको व्यवस्था बमोजिम नगरसभाले उक्त अस्पतालको लागि छुट्याएको रकम अस्पतालको खातामा निकासा दिने ।

**निर्णय न.५ कोरोना महामारीमा भएको राहत वितरणको प्रतिवेदन स्वीकृति र खर्च रकम भुक्तानी सम्वन्धमा** : कोरोना महामारीमा नगरपालिकाबाट भएको राहत वितरणलाई व्यवस्थित र पारदर्शी बनाउन हालसम्मको खर्च विवरणलाई समेटी विस्तृतरुपमा तयार गरिएको प्रतिवेदन २०७७ लाई स्वीकृति गर्ने तथा यस प्रतिवेदनमा परेका खर्चहरु भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

**निर्णय न.६ : नगरभित्र संचालित जग्गा एकीकरण आयोजनाको लागि आवश्यक पर्ने कानूनी प्रवन्ध मिलाउने सम्वन्धमा** :

(क) नेपालको संविधान २०७२ जारी भै सो संविधानको अनुसूचिमा उल्लेखित स्थानीय तहको अधिकारको विस्तृत व्याख्या तथा स्थानीय सरकार संचालन ऐन २०७४ कार्यान्वयनमा आइसकेको सन्दर्भमा नेपालको संविधानले नचिन्ने ऐनको सहारा लिएर काठमाण्डौ उपत्यका विकास प्राधीकरणले पटक पटक स्थानीय तहको अधिकारमा हस्तक्षेप गरेकोले उक्त बोर्डको बैठकमा सहभागि नहुने गरी नगर प्रमुखले लेख्नु भएको पत्र अनुमोदन गरियो ।

(ख) दिव्येश्वरी जग्गा एकीकरण आयोजनाले नगरपालिकासँग समन्वय नै नगरी उपत्यका सिवकास प्राधीकरणबाट प्लटिंग गरिएका घडेरीहरु विक्रीका लागू सूचना जारी गर्ने भनी उपत्यका विकास प्राधीकरणको संचालक समितिको बैठकबाट निर्णय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४को दफा ९७ (१) (क) ले दिएको अधिकार प्रयोग गरी जग्गा रोक्का गर्ने ।

**निर्णय न.७ : रोटरी क्लबसँगको सम्झौता अनुमोदन सम्वन्धमा** : ४००० जनाभन्दा बढी नेपालीहरुमा कोरोनाको संक्रमण देखिइसकेको अवस्थामा रोटरी क्लब अफ मध्यपुर म्यूनिसिपालिटिको अगुवाईमा नेपाल कोरिया मैत्री नगरपालिका अस्पतालमा देहायका सामानहरु जडान गर्न यसनगरपालिका, नेपाल कोरिया मैत्री नगरपालिका अस्पताल र रोटरी क्लब अफ मध्यपुर म्यूनिसिपालिटि वीच मिति ४ जुन २०२० मा भएको देहाय बमोजिमको त्रिपक्षीय सम्झौता अनुमोदन गर्ने :

(क) २ थान भेन्टीलेटर खरिद गरी जडान गर्न नगरपालिकाका तर्फबाट लागत सहभागिता स्वरुप रु.१५ लाख २० हजार रकम उपलब्ध गराउने गरी भएको सम्झौता १

(ख) ४ थान डायलसिस मेसिन खरिद गरी जडान गर्न नगरपालिकाका तर्फबाट लागत सहभागिता स्वरुप रु.२० लाख रकम उपलब्ध गराउने गरी भएको सम्झौता १

(ग) रोटरी क्लबले माथि प्रकरण (क) मा उल्लेखित सामग्री तत्काल नेपाल ल्याउन एल.सी. खोल्नु पर्ने कारण देखाई रकम निकासा माग गरेको सन्दर्भमा सामान प्राप्त भएर जडान तथा संचालन भए पछि खर्च लेख्ने गरी हाल उक्त रकम मध्ये ८० प्रतिशत पेश्की दिन स्वीकृति प्रदान गर्ने ।

**निर्णय न.८ : नगरपालिकाको नक्सा पास प्रणालीलाई EBPS प्रणालीबाट संचालन गर्ने बारे** : जनताको मुख्य सरोकार रहेको नक्सा पास प्रकृयालाई सहजीकरण, सरलीकरण र प्रविधिमैत्री बनाउन विगतदेखि नै भैरहेको प्रयासलाई मुर्त रुप दिन देहाय बमोजिम गर्ने ।

(क) आगामी श्रावण १ गतेदेखि प्रविधिमा अधारित नक्सा पास प्रणाली EBPS कार्यान्वयन गर्ने ।

(ख) EBPS कार्यान्वयन गर्न हालसम्म कार्यान्वयनमा रहेका मापदण्ड र निर्णयहरुको संग्रह पुस्तिकाको रुपमा प्रकाशन गर्ने ।

(ग) EBPS कार्यान्वयन गर्ने आवश्यक पर्ने कम्युटर, फास्ट इन्टननेट, मानव संसाधन लगायतका प्रवन्धहरु मिलाउने ।

(घ) EBPS कार्यान्वयनसँगै पुराना नक्सा पासका फाइलहरुका आवश्यक कागजातहरु डिजिटाइज्ड गरी सुरक्षित अभिलेख राख्न आवश्यक प्रवन्ध मिलाउने ।

**निर्णय न.९ : कोरोना महामारीका वीच स्वयंसेवकका रुपमा खटिएका नगर स्वयंसेवकहरुको व्यवस्थापन सम्वन्धमा** : कोरोना महामारिबाट सिर्जित असामान्य परिस्थितमा नगरपालिका अर्न्तगतको लकडाउन, अफसिको सुरक्षा, जनजीवनको सुरक्षा लगायतको काममा सहजीकरण गर्न तत्कालीन अवस्थामा स्वयंसेवकका रुपमा काम गर्न नगरपालिकामा खटिएका संलग्न सूचि बमोजिमका स्वयंसेवकहरुको सन्दर्भमा देहाय बमोजिम गर्ने :

(क) कोरोना महामारी जारी रहेको अवस्थामा स्थिति थप विग्रन सक्ने अवस्थालाई समेत मध्येनजर गर्दै हाल खटरिहेका स्वयंसेवकहरुलाई यो महामारि नियन्त्रण नहुञ्जेलसम्मको अवस्थाको लागि नियमित परिचालन गर्ने ।

(ख) स्वयंसेवकका रुपमा खटिने जनशक्तिलाई खटिएको मितिदेखि नै लागू हुने गरी मासिक ज्याला वापत प्रतिव्यक्ति प्रतिमहिना रु. १३५००।०० (रु. तेह्र हजार पाँचसय) का दरले खर्च लेख्न स्वीकृति दिने ।

**१०. विविध** : देहायका विषयमा देहाय बमोजिम गर्ने :

(क) बजेट रकमान्तर

**घटाउने**: रकम रू,१०००००

| कार्यालयको कोड नं. | कार्यालयको नाम | कार्यक्रम सङ्केत | कार्यक्रमको विवरण | बजेट उपशीर्षक नं | खर्च उप-शीर्षक नं | स्रोत | स्रोतको प्रकार | रकम |
|---|---|---|---|---|---|---|---|---|
| ८०१०३१२८ | मा.थि.न.पा. | ० | बिबिध | ८०३३३४०३००१ | २२७११ | आन्तरिक | नगद | १००००० |

**बढाउने**: रकम रू,१०००००

| कार्यालयको कोड नं. | कार्यालयको नाम | कार्यक्रम सङ्केत | कार्यक्रमको विवरण | बजेट उपशीर्षक नं | खर्च उप-शीर्षक नं | स्रोत | स्रोतको प्रकार | रकम |
|---|---|---|---|---|---|---|---|---|
| ८०१०३१२८ | मा.थि.न.पा. | | औसोधि उपचार | ८०३३३४०३००१ | २११२३ | आन्तरिक | नगद | १००००० |

(ख) बजेट शीर्षकान्तर

**घटाउने**: रकम रू,७३८००००

| कार्यालयको कोड नं. | कार्यालयको नाम | कार्यक्रम सङ्केत | कार्यक्रमको विवरण | बजेट उपशीर्षक नं | खर्च उप-शीर्षक नं | स्रोत | स्रोतको प्रकार | रकम |
|---|---|---|---|---|---|---|---|---|
| ८०१०३१२८ | मा.थि.न.पा. | ० | बिबिध | ८०३३३४०३००१ | २१११२ | आन्तरिक | नगद | ७३८०००० |

**बढाउने**: रकम रू,७३८००००

| कार्यालयको कोड नं. | कार्यालयको नाम | कार्यक्रम सङ्केत | कार्यक्रमको विवरण | बजेट उपशीर्षक नं | खर्च उप-शीर्षक नं | स्रोत | स्रोतको प्रकार | रकम |
|---|---|---|---|---|---|---|---|---|
| ८०१०३१२८ | मा.थि.न.पा. | | औसोधि उपचार | ८०३३३४०३००१ | २११४२ | आन्तरिक | नगद | |

(ग) **आर्थिक सहायता सम्वन्धमा :** मध्यपुरथिमि ४ नं वडा कार्यालयमा कार्यालय सहयोगि पदमा कार्यरत श्रीमती रत्नकेसरी श्रेष्ठका ५१ वर्षिय श्रीमान कान्छा खाक श्रेष्ठ मृगौला र क्यान्सर रोगबाट पिडित रहेको हुँदा निजलाई उपचारमा सहयोग गर्न रु.५० हजार आर्थिक सहायता प्रदान गर्ने ।

(घ) **आर्थिक क्षतिपूर्ति सम्वन्धमा :** मध्यपुरथिमि वडा नं ९ स्थित कमेरेटारको राजकुलो बाटो भै गाकु हुदै बोडे सिन्टीटार जाने सडक विस्तारको क्रममा साविक बाटोलाई ११ मिटर चौडा बनाउँदा बाटोमा परेको कुमार खँडकाको घरलाई क्षतिको मूल्यांकन विवरण पेश गरे पछि बढीमा रु. ३ लाख पचास हजारसम्म क्षतिपूर्ति प्रदान गर्ने ।